नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठ्माण्डौ ।

## प्रेस-विज्ञप्ति

आज मिति २०७६ साल माघ ६ गते सोमबारका दिन सम्माननिय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्सेर जंगबहादुर राणा समक्ष बाल मन्दिरहरुबाट भएका काम कारवाहीहरुको विषयमा छानविन तथा अनुसन्धान गरी ती निकायहरुको सांगठनिक औचित्य, नीतिगत व्यवस्था, संघीय ढाँचा र आवश्यक सुधारका विषयमा र यसपूर्व भएका कामकारवाहीहरुको समेत अध्ययन गरी कुनै कानुनी कारवाही गर्नुपर्ने भए सो समेत शिफारिस गर्न गठन भएको उच्चस्तरीय छानवीन, अनुसन्धान तथा सुझाव (जांझबुझ) आयोगको अध्यक्ष श्री हरिबाबु भट्टराईले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो ।साथै उक्त आयोगमा देहाय बमोजिमका ५ जना सदस्यहरु रहनुभएको र आयोगको कार्यअवधि तिन (३) महिना रहेको छ ।

देहाय :

पूर्व मुख्य न्यायधीश, श्री हरिबाबु भट्टराई, विराटनगर न.पा. - ११ — अध्यक्ष
बालबालिका सम्वन्धी विज्ञ, श्री मिलन धरेल, नागार्जुन न.पा. - ४ — सदस्य
बालबालिकाको विषय सम्बन्धी महिला विज्ञ, श्री विमला ज्ञवाली, किर्तिपुर न.पा.- ७ — सदस्य
नेपाल सरकार, गृह मन्त्रालयका सह सचिव स्तरका प्रतिनिधि — सदस्य
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बालबालिका महाशाखा प्रमुख (सहसचिव) — सदस्य -सचिव

ज्ञानेन्द्र पौडेल
प्रवक्ता

२०७६ साल माघ ६ गते सोमबार